# कालिका नगरपालिका

# स्थानीय राजपत्र

खण्ड १, सङ्ख्याः ११ चितवन २०७५ चैत १८ गते सोमबार

**भाग-१**

## कालिका नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

**रेडक्रसग्राम, चितवनको सूचना**

कालिका नगर सभाबाट पारित तल लेखिए बमोजिमको कालिका नगरपालिकाको पुरक विनियोजन ऐन,२०७५ स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**कालिका नगरपालिकाको पुरक विनियोजन ऐन, २०७५**

प्रस्तावना: कालिका नगरपालिका,चितवनको सेवा तथा कार्यहरु सञ्चालनका लागि सञ्चित कोषबाट केही रकम विनियोजन गर्न र खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम कालिका नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः(१) यस ऐनको नाम "कालिका नगरपालिका,चितवनको पुरक विनियोजन ऐन, २०७५" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मिति देखि प्रारम्भ भई आर्थिक वर्ष २०७५/०७६को अवधि सम्म लागु हुनेछ।

२. आर्थिक वर्ष २०७५/७६को निमित्त सञ्चित कोषबाट खर्च गर्ने अधिकारः(१) आर्थिक वर्ष २०७५/७६ को निमित्त नगर कार्यपालिका , वडा समिति,विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ६,९२,५६,०००/- रुपैयाँ (छ करोड वयाब्बे लाख छपन्न हजार) चालु आ.व. को लागि स्वीकृत वजेटमा थप गरी निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. विनियोजनः (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/७६ को निमित्त कालिका नगरपालिका , चितवनको नगर कार्यपालिका,वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका,वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने शीर्षकबाट अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालू तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा बढी शीर्षकहरुमा सार्न परेमा नगर सभाको स्वीकृती लिनु पर्नेछ।

अनुसूची -१

(दफा २ सँग सम्बन्धित)

सञ्चितकोषबाट विनियोजन हुने रकम

रु.हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| २ | | नगर कार्यपालिका (वडा कार्यालय तथा विषयगत शाखाको समेत) | १४८६ | ६७७७० | ० | ६९२५६ |
| ३ | | वडा समिति | | | | |
| ४ | | विषयगत शाखा | | | | |
| ५ | | ऋणको सावा व्याज भुक्तानी | | | | |
| ६ | | लगानी (शेयर/ऋण) | | | | |

आज्ञाले

यज्ञ पुरी

प्रमुख प्रशासकीय अधिकृत